# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

प.सः २०८२/८३
च.नः ५१०४

फोन नः ०५६-५३२०३७

मितिः २०८३।०१।११

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री संस्थागत विद्यालयहरू, सबै
भरतपुर महानगरपालिका, चितवन।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. २०८२/८३, च.नं. ५०४५, मिति ०८२/१२/१५ को आवश्यक कारवाही सम्बन्धमा यस कार्यालयलाई प्राप्त पत्र अनुसार कतिपय विद्यालयहरूले बिहान ८ बजेदेखि सबै विद्यार्थीहरूलाई अनिवार्य उपस्थित गराई घरबाट खाना र खाजा ल्याउन नदिइ विद्यालयबाटै खरिद गर्न बाध्य पार्ने तथा विद्यालयबाटै पाठ्यपुस्तक, पाठ्यसामग्री र स्टेशनरी किन्न बाध्य पार्ने गरेको सम्बन्धमा यस कार्यालयबाट गरिएको छानविन र सो प्रतिवेदनबाट प्राप्त सुझावका आधारमा नगर शिक्षा समितिको मिति २०८२।१२।२७ को बैठकमा निम्नानुसार निर्णय भएको व्यहोरा अनुरोध गर्दै पूर्ण कार्यान्वयन गरी जानकारी दिनु हुन र अनुगमनका क्रममा निर्देशन विपरीतका कार्य भएको पाइएमा नियमानुसार कारबाही हुने व्यहोरा अनुरोध छ।

तपसिलः

क प्रचलित कानुनले तोके बमोजिमका शैक्षिक सामग्री, पाठ्यपुस्तक र सन्दर्भ सामग्री मात्र नियमानुसार प्रयोग गर्नुहुन। शैक्षिक सामग्री, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू विद्यालय हाता भित्र वा कुनै निश्चित स्थानबाट विक्री गरे गराएको पाइएकाले यस्ता गैर कानुनी कार्य नगर्न विद्यालयहरुलाई तत्काल निर्देशन दिने र निर्देशनको पालना भए नभएको निरन्तर अनुगमन गर्ने र निर्देशन पालना नभएको पाइएमा नियमानुसार कारवाही गर्ने।

ख विद्यार्थीहरूलाई विहान ८ बजे नै विद्यालयमा बोलाइ खाना र खाजा विद्यालयबाटै अनिवार्य रूपमा खरिद गर्नु पर्ने अवस्था सिर्जना गरी उपभोग गर्न बाध्य पारेको प्रतिवेदनबाट देखिएकाले दिवा समयमा पढ्ने विद्यार्थीहरूलाई विद्यालयबाट खाना र खाजा अनिवार्य गर्नु संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड २०७२ को दफा १४.३ विपरीत देखिएकाले सो कार्य नगर्न तथा गैर आवासिय विद्यार्थीहरूको विहान एवं दिउसोको खाना र खाजा विद्यालय मै खाने विद्यार्थीहरूको लागि सस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड २०७२ को दफा १४.३ को बुदा नं. ग बमोजिम निर्धारण गरी इच्छुक अभिभावकका बालबालिकाहरूलाई मात्र सेवा उपलब्ध गराउनु हुन।

ग कुनै पनि विद्यालयले विद्यालय पोशाक पटक पटक परिवर्तन गर्ने, कुनै निश्चित पसलबाट मात्र विद्यार्थीहरूले खरिद गर्नु पर्ने गरी विद्यालयबाट पोशाकको नमूना वा कुनै विशेष संकेत उपलब्ध

उप-सचिव

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website:.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सः २०८२/८३
च.नः ५१०४

फोन नः ०५६-५२२०३७


गराइ निश्चित पसल वा स्थानबाट खरिद गर्न बाध्य पारेको भन्ने अभिभावक, कपडा व्यावसायी र सिलाई व्यवसायीहरू समेतबाट विभिन्न समयमा गुनासो, उजुरी र ध्यानाकर्षण प्राप्त भएकाले कुनै पनि विद्यालयले विद्यालय हाताभित्र वा कुनै निश्चित पसलबाट मात्र खरिद गर्नु पर्ने बाध्यकारी अवस्थाको सिर्जना गरी विक्री गर्नु गैर कानूनी कार्य भएकाले यस्ता कार्य नगर्नु हुन।

सुवासचन्द्र आचार्य
उपसचिव

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय, भरतपुर, चितवन।


056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website:.gov.np


(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)